# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

ECHO OF HIS CALL SINCE 1969 — 1969 to 2029 — DIAMOND JUBILEE — REACHING NATIONS

India's National Spiritual Newspaper

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editors : Bro. BHUVAN DEVKOTA, Bro. RAJ KUMAR BHANDARI

Vol. XXVI | YEAR OF OUR LORD JESUS CHRIST, 2026 JUNE | No. 06


## पवित्र बाइबल

कृपया यो खण्ड कण्ठ गर्नुहोस्।

**यशैया ५४:१३-१७**

१३. तेरा सबै छोराहरू परमप्रभुबाट सिकाइनेछन् र तेरा छोराछोरीहरूलाई ठूलो शान्ति मिल्नेछ।

१४. धार्मिकतामा तँ स्थापित हुनेछस् । अत्याचारबाट तँ टाढा रहनेछस्, तँलाई कसैको डर हुनेछैन । त्रासदेखि तँ टाढा रहनेछस्, त्यो तेरो नजिक आउनेछैन ।

१५. कसैले तँलाई आक्रमण गरे पनि त्यो मबाट हुनेछैन । जसले तँलाई आक्रमण गर्छ, त्यसले आफूलाई तँकहाँ नै समर्पण गर्नेछ ।

१६. हेर, आगोको भुङ्ग्रो फुक्ने र आफ्नो कामको निम्ति हतियार तयार गर्ने लोहारलाई मैले सृष्टि गरें। र उत्पात गरेर नष्ट गर्नेलाई पनि मैले नै सृष्टि गरेको हुँ।

१७. तेरो विरुद्धमा बनाइएको जुनसुकै हतियारले पनि तँलाई जित्न सक्नेछैन र तँलाई दोषी ठहराउने हरेक जिब्रोलाई तैले नै दोषी ठहराउनेछस्। योचाहिँ परमप्रभुका दासहरूको पैतृकसम्पत्तिको हक हो र मबाट तिनीहरूको दोषरहितको प्रमाण यही हो, परमप्रभु घोषणा गर्नुहुन्छ ।

## तपाईंलाई हानि गर्न परमेश्वरले अरूलाई अनुमति दिनुहुनेछैन

## GOD WILL NOT ALLOW OTHERS TO HARM YOU!

बहिनी एन्जलीन



हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अचम्मको नाउँमा संसारभरि हुनुभएका हाम्रा दाजुभाइ तथा दिदीबहिनीहरूमा अभिवादन। हाम्रो **बोलावटको प्रतिध्वनि** समाचारपत्रबाट तपाईंसँग फेरि एक पटक जोडिन पाउने कुराले मलाई अत्यन्तै आनन्द दिन्छ। परमेश्वरको शान्ति र सान्त्वनाले हामीमध्ये हरेकलाई निरन्तर अगुवाइ र निर्देशित गर्नुभएको होस् ।



*God has not allowed anyone to harm me*

हालसालै, मैले याकूबको जीवनको बारेमा पढिरहेकी थिएँ र म यो पदबाट गहन रूपमा प्रभावित भएकी छु

**...तिमीहरूका बुबाले मलाई ठग्नुभएको छ र मेरो ज्याला दश पल्ट बदल्नुभएको छ तर परमेश्वरले तिनलाई मेरो हानि गर्न दिनुभएन** (उत्पत्ति ३१:७) ।

कस्तो शक्तिशाली निश्चयता। यी शब्दहरूमा मनन गर्नुपर्छ - परमेश्वरले मलाई हानि गर्न कुनै मानिसलाई अनुमति दिनुभएन नता म वा मेरो परिवारको विरुद्ध शैतानलाई सफलता दिनुभयो

बाँकी पृष्ठ ३ मा


## बोलावटको प्रतिध्वनि

ख्रीष्टियान यूट्यूब च्यानल



हरेक दिन २ मिनेट सन्देश

**पा. एस. साम सेल्भाराजबाट**

अंग्रेजी, हिन्दी भाषामा बिहान १ बजे

तामिल र तेलगू भाषामा बिहान २ बजे

र

तामिल र अंग्रेजी भाषामा सन्देश र प्रार्थना

आइतबार बिहान ८:३० बजे र साँझ ६:०० बजे

तपाईं आशिषित हुनुभएको छ भने कृपया सब्स्क्राइब गरिदिनुहोला। तपाईंले प्रेम र वास्ता गर्नुभएकासँग सेयर गरिदिनुहोला।

बोलावटको प्रतिध्वनि - (Marching towards 60th year)
Estd. 1969



# तपाईंको प्रिय भाइबाट....



**...तेरा कुकुटीहरू पोखुन्जेल भरिनेछन् र तेरा भाँडाहरू नयाँ मद्यले चुलिएर पोखिनेछन्** (हितोपदेश ३:१०) ।

प्रभुमा प्रियहरू,

हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको महिमित नाउँमा तपाईंलाई अभिवादन ।

हालका दिनहरूमा हाम्रा सेवकाइका हरेक क्षत्रमा हामीले आत्माहरूको महान् कटनीको गवाही बनिरहेका छौं किनकि धेरै मानिसहरूले हाम्रा **नहेम्याह बाइबल कलेजहरू, सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल र मण्डलीहरूका** सेवकाइहरूबाट हाम्रा प्रभु येशू ख्रीष्टसँग जम्काभेट गरिरहेका छन् ।

हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा** अप्रिल १७ देखि २१ तारिखसम्म **भेकेसन बाइबल स्कुल** संचालन गरिएको थियो, जहाँ धेरै बालबालिकाहरू सहभागी भएका थिए। धेरै जना दाजुभाइ तथा दिदीबहिनीहरू बालबालिकालाई सिकाउन अघि आउनुभएको थियो र तिनीहरूलाई प्रभुमा अगुवाइ गर्नुभएको थियो । त्यो महान् आशिष् भएको थियो ।



*Teaching and non-teaching staff of St. Paul's Matriculation School*



*Vacation Bible School for children in our Santhoshapuram Church*

**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

HON. EDITOR-IN-CHIEF
Rev. Dr. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.
EX MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
GENERAL MANAGER
Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM, MBA.
ADMINISTRATION
Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)
EDITORIAL BOARD
Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Rev. Dr. K.R. Rajasekaran
Rev. Dr. William Robert, Ph.D., DD, D.Lit.

EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858 95661 31858
E.MAIL
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.org
YOUTUBE CHANNEL
Echo of His Call

Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) · BIBLECOR - Postal Courses (3 languages) · YouTube Ministry · Online Courses · Theological Correspondence Courses (2 languages) · Church Planting · Nehemiah Bible Colleges · Gospel Printing Press · Great Commission Partners · St. Paul's Matriculation School · Crusades · Community Development

हामीले चेपकाउमा भएको हाम्रो मुख्य मण्डलीमा पनि मई ५ देखि १० तारिखसम्म र बालाजीनगर र भेलाचेरीमा भएका हाम्रा शाखा मण्डलीहरूमा मई ११ देखि १७ तारिखसम्म **भेकेसन बाइबल स्कुल** संचालन गर्नेछौं ।

सरकारको आदेशअनुसार हाम्रो स्कुल जूनको दोस्रो हप्तामा पुनःसुरु हुनेछ । यो शैक्षिक सेवकाइको निम्ति कृपया प्रार्थना गरिदिनुहोला, विशेष गरी विद्यार्थीहरू, पढाउने कर्मचारी र नपढाउने कर्मचारीको निम्ति ।

हाम्रा **नहेम्याह बाइबल कलेजहरू** १ जून २०२६ मा पुनःसुरु हुनेछ । पाठहरू तामिल, अंग्रेजी र हिन्दी भाषामा उपलब्ध छन् ।

शैक्षिक सत्र २०२५-२०२६ को निम्ति कक्षाहरू ३० मईमा पूर्ण हुनेछ र दीक्षान्त समारोह ४ जूलाई २०२६ मा दिउँसो ५ बजे एम.आर.सी. हल, बालार कल्भी निलायाम, रिथरडन रोड, पूरासावाल्काममा संचालन हुनेछ ।

कृपया हाम्रा सहकर्मीहरू र सेवकाइका आवश्यकताहरूका निम्ति प्रार्थना गरिदिनुहोला । तपाईंका प्रतिक्रियाहरू र सल्लाहसुझावलाई हामी न्यानो रूपले स्वागत गर्दछौं ।

तपाईं सबैसँग अनुग्रह रहोस् । आमेन ।

खीष्ट येशूमा तपाईंको सेवक,
*पा. एस. साम सेल्भाराज,*
इमेलः sam@echoofhiscall.org

पृष्ठ १ बाट

- यस्तो सान्त्वना ल्याउँछ । तपाईंले पनि आफ्नो निम्ति यो प्रतिज्ञा दाबी गर्नुहुनेछ भनेर म प्रार्थना गर्दछु ।

परमेश्वरले कसैलाई पनि मेरो हानि गर्न अनुमति दिनुभएन ।

यो महान् भनाइ एउटा मानिसको बारेमा थियो, जसले एक पटक आफ्नो दाइलाई छल गरेको थियो, आफ्नो बुबालाई नियन्त्रण गरेका थिए र आशिष्को पछि लागेर अरूलाई छल गरेको थियो । तापनि, याकूबको जीवनमा केही असामान्य कुरा भएको थियो । मानिसको योजनाबाट आशिष्को खोजी गर्ने व्यक्तिबाट साँचो आशिष्को निम्ति परमेश्वरसँग कुस्ती गर्ने मानिसको रूपमा रूपान्तरण भएको थियो ।

याकूबको कथा साँचो रूपमा आकर्षक छ । यो यात्रा हो, जहाँ छल गर्ने मानिसलाई छल गरिएको थियो र धूर्तताको साथमा काम गर्ने व्यक्ति अत्यमा नम्र बनेको थियो । याकूबको गल्ती, असफलता र संघर्ष भए पनि परमेश्वर तिनीसँग रहनुभयो । परमेश्वरले आफ्नो योजना निरन्तर पूरा गर्नुभयो - याकूबको गल्तीहरू र असिद्ध छनोटहरू भए पनि ।

जब हामीले उत्पत्ति ३१ अध्यायलाई पढ्छौं, हामीले शक्तिशाली सत्यता देख्छौं: परमेश्वरले आफ्नो योजना पूरा गर्न कुनै पनि अवस्थालाई प्रयोग गर्न सक्नुहुन्छ ।

याकूब भागिरहेको, संघर्ष गरिरहेको वा भयमा रहेको भए पनि परमेश्वरले तिनलाई डोऱ्याउँदै, बचाउँदै र तिनको लक्ष्यमा बनाउँदै हुनुहुन्थ्यो । उहाँको दृष्टिबाट कोही पनि उम्कँदैन ।

हामीले याकूबको जीवनलाई नजिकबाट हेर्छौं भने हामीले बुद्धिमान, चतुर र रणनैतिक व्यक्तिलाई देख्छौं । अवस्थाहरूलाई कसरी नियन्त्रण गर्ने भनेर तिनलाई थाहा थियो । तिनले आफ्नो दाजु एसावको जेष्ठअधिकार प्राप्त गरे र छलबाट आफ्नो बुबाको आशिष् चोरे । आफ्नो प्रयासबाट परमेश्वरको निगाह सुरक्षित गर्न सकिन्छ भनेर याकूबले विश्वास गरेका थिए - तर पछि महसुस गरे कि साँचो आशिष् परमेश्वरबाट मात्रै आउँछ, मानिसको संघर्षबाट होइन ।

त्यसैले, परमेश्वरले तिनलाई सुधार गर्न सुरु गर्नुभयो- बिस्तारै होइन तर आगोमा भएको सुनको तरिकाले । याकूब तोडिने बिन्दुमा र पुकारा गर्ने अवस्थामा नपुगेसम्म उहाँले याकूबलाई छल, कठिनाइ, भय र द्वन्द्वको अनुभव गर्न दिनुभयो ।

**...तपाईंले मलाई आशिष् नदिएसम्म म तपाईंलाई जान दिनेछैनँ** (उत्पत्ति ३२:२६) ।

यो रूपान्तरण एकै रातमा भएको थिएन । परमेश्वरले याकूबलाई लामो र कठिन यात्रा भएर लैजानुभएको थियो । तापनि यी सबैमा, परमेश्वरले नियन्त्रण राख्नुभएको थियो । याकूबलाई



*I will not let You go*

नष्ट गर्न मानिसहरूका षड्यन्त्रलाई परमेश्वरले अनुमति दिनुभएको थिएन किनभने याकूबको गल्तीभन्दा उहाँको योजना महान् थियो ।

## १. जब मानिसहरूले षड्यन्त्र गरे, परमेश्वरले रोक्नुहुन्छ

याकूबको जीवनमा हामीले गहन पाठ देख्छौं । आफ्नो बुबा र दाइलाई छल गरिसकेपछि आफ्नो




## अत्यन्तै जरुरी सूचना

निकट भविष्यमा बोलावटको प्रतिध्वनिको हुलाक वितरणमा रोक्नै नसकिने व्यवधान आउन सक्ने भएको छ । तपाईंले बिना कुनै रोकावट बोलावटको प्रतिध्वनि निरन्तर प्राप्त गरिरहन चाहना गर्नुहुन्छ भने कृपया हामीलाई तपाईंको नाम, ठेगाना, इमेल र ह्वाटसएप नम्बर पत्र, इमेल, फोन कल वा एसएमएस वा ह्वाटसएप सन्देशबाट तुरुन्तै पठाउनुहोला ।

तपाईंलाई अझ राम्रो गरी सेवा गर्न तपाईंको सहायोगले हामीलाई सहायता गर्दछ ।

**हाम्रो ठेगानाः**

**बोलावटको प्रतिध्वनि**
10, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005, India
Cell: (+91) 98412 71858 / 98410 71858 E.mail: sam@echoofhiscall.org

भविष्य सुरक्षित भएको थियो भनेर याकूबले विचार गरेको थियो । तर परमेश्वरले तिनलाई गहन सत्यता सिकाउन चाहनुहुन्थ्यो: म नै साँचो आशिष्को स्रोत हुँ ।

यो कुरा सिक्न याकूब आफ्नो मामा लाबानसँग बसे - याकूबलाई आफ्नै औषधीको स्वाद दिने मानिस । पवित्रशास्त्रले हामीलाई बताउँछ कि लाबानले... **मेरो (याकूब) को ज्याला दश पटक परिवर्तन गरे...** (उत्पत्ति ३१:७) । तिनले याकूबलाई छल गर्ने, झुक्याउने र फाइदा उठाउने कोसिस गरे ।



*Changed my wages ten times*

एउटा उद्देश्यको निम्ति परमेश्वरले यो अनुमति दिनुभयो - त्यसैले, छलमा पर्दा कस्तो महसुस हुन्छ र मानिसको प्रयासभन्दा परमेश्वरमा निर्भरता सिक्न याकूबले बुझ्न सकेको थियो ।

तापनि, यो सुधारको प्रक्रियाको समयमा पनि परमेश्वरले सीमा निर्धारण गरिदिनुभएको थियो । लाबानको निम्ति नाघ्न नसक्ने सीमा थियो । याकूबले आत्मविश्वासको साथमा घोषणा गरे:

**... परमेश्वरले तिनलाई मेरो हानि गर्न दिनुभएन** (उत्पत्ति ३१:७) ।

यस कुराले शक्तिशाली सत्यता प्रकट गर्दछ: परमेश्वरका छोराछोरीको विरुद्धमा भएका हरेक षड्यन्त्रमा ईश्वरीय सीमा हुन्छ ।

- ☐ मानिसको हरेक योजनाको सीमा परमेश्वरले तोक्नुहुन्छ ।
- ☐ हरेक आक्रमण उहाँको अधिकारबाट रोकिएको हुन्छ ।
- ☐ त्यसकारण, हामी आजसम्म बाँचेका छौं । परमप्रभुको प्रशंसा गर ।

***यशैया ५४:१७ ले हामीलाई सम्झना दिलाउँछ:***

**तेरो विरुद्धमा बनाइएको हतियारले पनि तँलाई जित्न सक्नेछैन...**

हतियारहरू बनाइन सक्छ ।

आक्रमण आउन सक्छ ।

तपाईंको परिवार, विवाह, व्यापार, सेवकाइ वा बोलावटको विरुद्धमा योजनाहरू बनाइन सक्छ ।

तर जबसम्म हामी परमेश्वरसँग घनिष्ट भएर हिँड्छौं - विश्वासयोग्य र घनिष्ट भएर - अन्त्यमा हामी विरुद्ध केही कुरा पनि सफल हुनेछैन ।

जब मानिसहरूले षड्यन्त्र गर्छन्, परमेश्वरले रोक्नुहुन्छ ।

## २. परमेश्वरले हामीलाई देखिएको र नदेखिएको कुराबाट बचाउनुहुन्छ ।

हामीले प्रायः हामीले देख्न सक्ने खतराहरूका बारेमा गवाही दिन्छौं तर हामीले असंख्य नदेखिएका खतराहरूलाई बिर्सन्छौं, जसबाट परमेश्वरले हामीलाई बचाउनुहुन्छ ।

याकूबले आफ्नो ज्याला परिवर्तन गरिरहने लाबानको बारेमा बताए तर त्यहाँ धेरै नदेखिएका खतराहरू थिए । तिनले भने:

**जङ्गली जनावरहरूले फहराएकाहरूलाई... बरु क्षतिपूर्ति मैले गर्थे** (उत्पत्ति ३१:३९) ।

जङ्गली जनावरहरूले बगालमाथि आक्रमण गरे भने याकूब आफैं पनि जोखिममा पर्थे । चोरहरू, जङ्गली जनावरहरू र रातमा हुने आक्रमणहरूबाट



*Animals were torn by wild beasts*

खतरा थियो - तापनि परमेश्वरले तिनलाई जोगाउनुभयो ।

याकूबलाई हरेक खतराको बारेमा थाहा थिएन - तर परमेश्वरले ती सबैलाई रोक्नुभयो ।

तिनको जीवनको हरेक कुराहरूमाथि परमप्रभुले शान्त भएर हेरिरहनुभएको थियो ।

**परमप्रभुले तिमीलाई सबै विपत्तिबाट जोगाउनुहुनेछ...** (भजनसंग्रह १२१:७) ।

हाम्रा प्रियहरूलाई हामीले सारा समय हेरिरहन सक्दैनौं - तर परमेश्वरले सक्नुहुन्छ ।

उहाँले हामीलाई कति वटा नदेखिएका खतराहरूबाट बचाउनुभएको छ ?

हामीले कति वटा पासोहरू कहिल्यै देखेका छैनौं ?

उहाँको कृपाले हामीलाई जीवित राखेको छ ।

परमेश्वरबाट केही कुरा पनि लुकिएको छैन भनेर भजनसंग्रह १३९ ले हामीलाई सम्झना दिलाउँछ ।

हाम्रो प्रार्थनाको प्रतिक्रियामा केही पनि नभइरहेको हामीले महसुस नगरे पनि परमेश्वरले दृश्यपछाडि काम गरिरहनुभएको छ - उहाँको सिद्ध समयमा (काइरोस) ।

उहाँले काम गरेको हामीले देख्न नसके पनि परमेश्वरले हामीलाई हेरिरहनुभएको छ ।

## ३. परमेश्वरले मानिसको निर्णयलाई उल्ट्याउनुहुन्छ ।

परमेश्वरका प्रिय बालकहरू, मानिसहरूले तपाईंको जीवनलाई विचार गर्दै धेरै योजनाहरू बनाउन सक्छन् तर हरेक मानिसको निर्णयलाई उल्ट्याउने शक्ति परमेश्वरसँग छ ।

याकूबको जीवनमा लाबानले धेरै पटक शर्तहरू परिवर्तन गरे - तर हरेक समय, परमेश्वरले परिणाम परिवर्तन गर्नुभयो ।

परमेश्वरले याकूबको निम्ति त्यस्तो गर्न सक्नुहुन्छ भनेर उहाँले त्यो तपाईंको निम्ति पनि गर्न सक्नुहुन्छ ।

तपाईंको विरुद्धमा काम गरिरहने अवस्थाहरू हुन सक्छन्:

- ☐ न्याय
- ☐ रोग परीक्षण
- ☐ परीक्षाका परिणाम

बाँकी पृष्ठ ६ मा

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1969

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रशंसा र प्रार्थनाको बुँदाः जून १९ देखि जुलाइ १८ सम्म

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)



## ✝ परमेश्वरलाई प्रशंसा गरौं...

जून १९: हरेक पटक, ठीक समयमा - १६ वटा भाषाहरुमा हाम्रो **बोलावटको प्रतिध्वनि** समाचारपत्र प्रकाशन गर्न हामीलाई विश्वासयोग्यपूर्वक सहायता गर्ने समर्पित सहसम्पादकहरुका साथमा हामीलाई आशिष् दिनुभएको निम्ति ।

जून २०: आवासीय र साँझको **नहेम्याह बाइबल कलेजहरूका** निम्ति विद्यार्थीहरू भर्ना गर्न हाम्रो प्रयासमा आशिष् दिनुभएको निम्ति ।

जून २१: सन् १९६९ देखि समाचारपत्र सेवकाइमा हाम्रो समर्पणतामा उहाँको निरन्तर आशिष्को निम्ति ।

जून २२: १० अप्रिल २०२६ मा सम्पन्न भएको **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलको** वार्षिकोत्सव र किन्डरगार्टेन दीक्षान्त समारोहमा आशिष्को निम्ति ।

जून २३: हाम्रा शुभचिन्तकहरूको प्रार्थना र आर्थिक सहायताको निम्ति ।

जून २४: शैक्षिक सत्र २०२५-२०२६ सफलतापूर्वक सम्पन्न गर्न **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमाथि** आशिष्को निम्ति ।

जून २५: **बोलावटको प्रतिध्वनि** मुख्य मण्डली र यसका शाखा मण्डलीहरूका अगुवाहरू र विश्वासीहरूमाथि आशिष्को निम्ति ।

जून २६: शैक्षिक सत्र २०२५-२०२६ सफलतापूर्वक सम्पन्न गर्न हाम्रो साँझको **नहेम्याह बाइबल कलेजहरूमाथि** आशिष्को निम्ति ।

जून २७: हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरुद्वारा संचालन गरिएको भेकेसन बाइबल स्कूलमाथि आशिष्को निम्ति ।

जून २८: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू, महान् आज्ञाका साझेदारहरू र आग्रह गर्ने साझेदारहरू र उहाँका परिवारहरूका निम्ति ।

जून २९: तामिल, तेलगू, अंग्रेजी र हिन्दी भाषामा भएका हाम्रो **बोलावटको प्रतिध्वनि** यूट्यूब सन्देशहरूमा आशिष्को निम्ति ।

जून ३०: सेवकाइलाई यहाँसम्म सम्हाल्न र संचालन गर्नमा हाम्रा फलदायी प्रयासको निम्ति ।

जुलाइ १: हाम्रा **बोलावटको प्रतिध्वनिका** कर्मचारी र उहाँका परिवारहरूमाथि आशिष् र सुरक्षाको निम्ति ।

जुलाइ २: जवान र बालबालिकाको लाभको निम्ति हाम्रो **ग्लोबल भिजन फर युथ एण्ड किड केयर सेवकाइमा** आशिष्को निम्ति ।

जुलाइ ३: १६ मई २०२६ मा सम्पन्न भएको हाम्रो **नहेम्याह बाइबल कलेज** अलुमिनी समारोहमा आशिष्को निम्ति ।

## ✝ कृपया प्रार्थना गरौं...

जुलाइ ४: दीर्घकालीन रोग र तनावबाट ग्रसित संसारभरि भएका मानिसहरूले छुटकारा पाऊन् ।

जुलाइ ५: यो महिनाको निम्ति आवश्यक सम्पूर्ण आर्थिक कुराहरूको उपलब्धताको निम्ति ।

जुलाइ ६: लागुपदार्थको कुलतमा परेका र स्कुल र कलेजमा अनियमित भइरहेका बालबालिका र जवानहरूको छुटकाराको निम्ति ।

जुलाइ ७: संसारभरि संचालन भएको भेकेसन बाइबल स्कुल कक्षाको समयमा बचाइएका बालबालिका र जवानहरूका निम्ति ।

जुलाइ ८: शैक्षिक सत्र २०२६-२०२७ को निम्ति **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलमा** नयाँ विद्यार्थीहरूको भर्नाको निम्ति ।

जुलाइ ९: शैक्षिक सत्र २०२६-२)२७ को निम्ति हाम्रो आवासीय र साँझको **नहेम्याह बाइबल कलेजहरूमा** योग्य विद्यार्थीहरूको भर्नाको निम्ति ।

जुलाइ १०: सुसमाचार नसुनेका मानिसहरूका बीचमा दुर्गम क्षेत्रहरूमा सुसमाचार फैलाउने मिसनरीहरूमाथि ईश्वरीय सुरक्षाको निम्ति ।

जुलाइ ११: आफ्ना छोराछोरी र जवानलाई हुर्काउन अभिभावकहरूका निम्ति ईश्वरीय अगुवाइको निम्ति ।

जुलाइ १२: जवान पुस्ताको निम्ति प्रार्थना गर्ने हाम्रो **ग्लोबल भिजन फर युथ एण्ड किड केयर** सेवकाइमा धेरै मानिसहरू समाहित हुनको निम्ति ।

जुलाइ १३: **बोलावटको प्रतिध्वनि** सेवकाइहरूका निम्ति अझ धेरै समर्पित कर्मचारीहरू परमेश्वरले जुटाउनुभएको होस् ।

जुलाइ १४: संसारभरि भएका सम्पूर्ण सम्प्रदायका मण्डलीहरूभरि जागृतिको निम्ति ।

जुलाइ १५: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारलाई सबै प्रकारका दुष्टताबाट परमेश्वरको निरन्तरको सुरक्षाको निम्ति ।

जुलाइ १६: पृथ्वीमा परमेश्वरको राज्य बिस्तार गर्ने उहाँले ठूलो दर्शन हामीलाई प्रदान गरून् ।

जुलाइ १७: संसारभरि शान्ति आएको होस् ।

जुलाइ १८: हाम्रो सिनियर पास्टरको जीवनी सफलतापूर्वक सम्पन्नताको निम्ति ।

पृष्ठ ४ बाट

- ☐ अरूले लिएका निर्णय

तर परमेश्वरले ती सबै उल्ट्याउन सक्नुहुन्छ। हामीले गर्नु आवश्यक कुराचाहिँ उहाँको अघि आउनु र प्रार्थना गर्नु हो.



*We need to come before Him and pray*

***प्रभु, तपाईं मेरो पिता हुनुहुन्छ। म तपाईंको सन्तान हुं। कृपया मलाई सहायता गर्नुहोस्।***

जब हामीले आफैंलाई नम्र बनाउंछौं, आफ्ना पाप स्वीकार गर्छौं र उहाँको सहायताको खोजी गर्छौं, उहाँले कृपा र शक्तिको साथमा प्रतिक्रिया दिनुहुन्छ।

**...जसले खोल्छ, कसैले थुन्नेछैन र जसले थुन्छ, कसैले खोल्नेछैन** (प्रकाश ३:७)।

मानिसको अधिकार वास्तविक हो - तर परमेश्वरको सर्वोच्चता अन्तिम हो।

कहिलेकाहीँ, हामीले विश्वासयोग्यपूर्वक जिए पनि जीवनमा अन्याय भएको जस्तो देखिन्छ। हामी अचम्ममा पर्न सक्छौं.

## ४. परमेश्वरले हरेक अन्यायलाई उन्नतिमा परिवर्तन गर्नुहुन्छ।



- ☐ म परमेश्वरको भय मान्छु - म किन अरूकै आशिषित छैनँ ?
- ☐ परमेश्वरलाई बेवास्ता गर्नेहरू समृद्ध भएका किन देखिन्छन् ?
- ☐ धार्मिक रूपमा जिउनुमा के कुनै मूल्य छ र ?

प्रिय मित्रहरू, संसारमा समृद्ध भएको देखा पर्ने कुरा प्रायः अस्थायी हुन्छ। तर तपाईंले सामना गर्नुभएको हरेक अन्याय - परमेश्वरले तपाईंलाई बलियो बनाउने, उन्नति गर्न र उचाल्नलाई ती प्रयोग गर्नुहुनेछ।

### *याकूबलाई हेर्नुहोस्:*

जब लाबानले भने, थोप्ले भने, परमेश्वरले थोप्ले बगाल बनाइदिनुभयो। जब तिनले टाटेपाटे भने, परमेश्वरले तिनीहरूलाई टाटेपाटे बनाइदिनुभयो।



*When Laban said 'speckled,' God made the flocks speckled.*

जति धेरैलाबाले तिनलाई अत्याचार गरे, त्यति धेरै परमेश्वरले तिनलाई समृद्ध बनाउनुभयो।

**... उहाँलाई प्रेम गर्नेहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ...** (रोमी ८:२८)।

परमेश्वरको हातमा अन्याय पनि साधन बन्दछ।
तपाईंलाई दुर्व्यवहार गर्नेसँग नडराउनुहोस्।
तपाईंलाई गलत गर्नेहरूबाट निरुत्साहित नहुनुहोस्।
शत्रुले दुष्टताको लागि चाहना गर्दा पनि परमेश्वरले त्यसलाई आशिष्मा परिवर्तन गर्नुहुनेछ।
उहाँमा रहनुहोस् - उहाँले हरेक अन्यायलाई उन्नतिमा परिणत गर्नुहुनेछ।

## ५. जब परमेश्वरले तपाईंलाई त्यहाँ लैजानुहुन्छ, उहाँले त्यसबाट भएर तपाईंलाई त्यहाँ लैजानुहुनेछ।

आफ्नो जीवन बचाउनको निम्ति याकूब आफ्नो बुबाको घरलाई छोड्दा केही पनि बोकेनन् तर परमेश्वरको प्रतिज्ञा मात्रै.

बाँकी पृष्ठ ९ मा

नहेम्याह साँझको बाइबल कलेज
भर्नाको लागि छिटो गर्नुहोस्। चेपाउक र सन्थोसापुरम, Velachery चेन्नाइ
ईश्वरशास्त्रमा डिप्लोमा & Bachelor of Theology
माध्यम: तामिल (Part Time)
Hindi (Part Time)
योग्यता: दश कक्षा र सोभन्दा माथि
विगत ५६ वर्षदेखि अन्तरराष्ट्रिय खीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

## MAIN CHURCH PROGRAMMES

1. Prayer Service : 24 hours
2. **ECHO OF HIS CALL** - Monthly Magazines :English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikaans.
3. **BIBLECOR** - Basic Bible Courses (English, Tamil & Hindi)
4. Theological Correspondence Courses: English & Tamil
5. Nehemiah Bible Colleges (Chepauk, Santhoshapuram & Velachery)
6. Branch Churches: Santhoshapuram, Balaji Nagar & Velachery
7. Great Commission Partners (Network of Pastors)
8. Training Programmes – Seminars & Retreats
9. Crusades
10. Literature Distribution and Follow Up
11. Gospel Printing Press - Publications
12. St. Paul's Matriculation School - Village English High School
13. Sunday Schools (Chepauk) : 10.30 a.m. Sunday & (Velachery, Balaji Nagar & Santhoshapuram) 3.00 p.m. Sunday
14. **Early Morning Service : 5.30 a.m. Sunday**
15. **Preliminary Service : 8.00 a.m. Sunday**
16. **Tamil Service : 8.30 a.m. Sunday**
17. **Youth Meeting : 11.00 a.m. Sunday**
18. **Fellowship Lunch : 1.00 p.m. Sunday**
19. **Telugu Service : 4.00 p.m. Sunday**
20. **Hindi Service : 5.00 p.m. Sunday**
21. **Tamil & English Service : 6.00 p.m. Sunday**
22. Feedback Time : 7.30 p.m. Sunday
23. Women's Prayer : 5.30 p.m. Wednesday
24. Hindi Prayer : 7.00 p.m. Wednesday
25. Men's Prayer : 7.30 p.m. Friday
26. Discipleship Meeting : 6.00 p.m. Saturday
27. House Meetings : 6.30 p.m. Tuesday & Thursday
28. Special Holy Communion : 6.00 a.m. 1st day of each month
29. Ministers' Meeting : 5.30 p.m. First Saturday
30. Parents' Prayer : 4.00 p.m. First Sunday
31. Night Prayer : 9.30 p.m. Third Friday
32. Fasting Prayer : 9:30 a.m. Second Saturday
33. Holy Communion : Second Sunday Service
34. Youth / Kid Prayer : 10.00 p.m. daily (over phone)
35. Staff Devotion : 9.00 a.m. daily
36. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैहूखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं । तपाईंले नयाँ **जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ । तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ । **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन** । यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागि:**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, Post Box 2957
CHEPAUK, CHENNAI - 600 005.
Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,
Cell : 98410 71852, 95661 31858
E.mail : biblecor@yahoo.co.in

## नि:शुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईंले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले नि:शुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरुमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ । कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/ चेकहरू/ मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्न हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला ।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।

## म जान्दछु, मेरा उद्धारक जीवित हुनुहुन्छ (अयूब १९:२५)।

सेवकाइका मेरा सुरुवाती दिनहरूमा परमेश्वरले धेरै परीक्षाहरू र कठिनाइहरूलाई अनुमति दिनुभयो। मेरो आर्थिक आवश्यकताको कारण मैले संघर्ष गरिरहेको थिएँ। मेरो सेवकाइ स्थापना गर्न मसँग स्थायी भवन लिन कुनै अवस्था नभएको हुनाले म एउटा स्थानबाट अर्को स्थानमा जानुपरेको थियो र प्रायः मेरो बासस्थान र कार्यालय परिवर्तन गर्नुपरेको थियो।

सन् १९८० मा नराम्ररी बिरामी भएको थिएँ। धेरै दिनदेखि मेरो सारा शरीरभरि पीडा र ज्वरोबाट ग्रस्त भएको थिएँ, विशेष गरी मेरो घाँटीमा गम्भीर पीडा थियो। मैले सेवकाइ गरिरहेको स्थान ख्रीष्टियान क्षेत्र थिएन। मेरो वरिपरि भएका मानिसहरूबाट मैले कुनै सहायता पाइनँ र मलाई बाहिरको मानिस भनेर विचार गरिएको थियो। जसै मेरो रोग र एक्लोपनाको कारण म नराम्ररी पीडित भएको हुनाले मैले मेरा साथीहरूमध्ये एक जनालाई एक रात मसाग बस्न आग्रह गरें। उहाँले पहिले मबाट धेरै सहायता प्राप्त गर्नुभएको भए पनि उहाँले मसँग बस्न इन्कार गर्नुभयो। म त्यो रात अत्यन्तै कष्टमा परें।




अर्को दिन, केही मानिसहरू आउनुभयो र मलाई सरकारी अस्पतालमा भर्ना गरिदिनुभयो र मलाई एक्लै छोडिदिनुभयो। म त्यो रोगबाट अझै ग्रस्त थिएँ। धेरै दिनपछि, डाक्टरहरूले ममाथि सर्जरी गर्ने निर्णय गर्नुभयो र सबै व्यवस्थाहरू गर्नुभयो। मेरो अवस्थाको कारणले गर्दा मैले सर्जरी गर्न चाहेको थिइनँ र त्यसैले मैले प्रार्थना गर्न सुरु गरिरहेको थिएँ। मसँग सांसारिक आरामको निम्ति मार्गहरू भए पनि सेवकाइको निम्ति मैले कसरी धेरै समस्याहरू सामना गरिरहेको थिएँ भनेर मैले परमेश्वरलाई बताइरहेको थिएँ। **मैले आफ्नो आचरण तपाईंलाई खुलस्त गरिदिएँ र तपाईंले जवाफ दिनुभयो** (भजनसंग्रह ११९:२६)।



एक रात जब म प्रार्थना गरिरहेको थिएँ मैले परमेश्वरको छुवाइ महसुस गरें। मैले आफ्नो शरीरमा रोगबाट छुटकाराको महसुस गर्न सकें। मैले त्यो पूर्णरूपमा विश्वास गरें र मैले अनुभव सम्बन्धित डाक्टरलाई जानकारी दिएँ। उहाँ करुणामयी हुनुहुन्थ्यो र मलाई बताउनुभयो, मलाई थाहा छ, येशू ख्रीष्टले निको पार्नुहुन्छ भनेर उपचार लिन इन्कार गर्ने ख्रीष्टियानहरू धेरै छन्। तपाईंले पनि त्यही कुरा भनिरहनुभएको छ। कुनै सर्जरी वा औषधीमा जोड नदिई उहाँले मलाई जान दिनुभएन। मैले परमेश्वरमाथि विश्वास गरेको काम उहाँले ममाथि गर्नुभएको थियो।



परमेश्वरले मलाई पूर्णरूपले निको पार्नुभयो। करिब ४६ वर्ष बितिसकेको छ। त्यो रोगले मलाई फेरि छोएको छैन। मैले नराम्रा र कठिन बाटोमा सवारीसाधन चलाउनुपरे पनि मेरो ढाडमा पीडा वा घाँटीमा दुखाइ भएको छैन। म दिनको करिब २० घण्टा काम गर्नु, म कार्यालयमा वा कतै प्रचार गरिरहेको हुन्छु। प्रायः म थकित हुन्नँ, परमेश्वरले मलाई निको मात्रै पार्नुभएको छैन तर विभिन्न तरिकामा मलाई आशिष् दिनुभएको छ। मलाई एक जना साथीले मात्रै त्याग्नुभएको थियो। तर परमेश्वरले मलाई संसारभरि धेरै मित्रहरू दिनुभएको छ र मलाई र मेरो सेवकाइलाई आशिष् दिनुभएको छ।



प्रिय मित्रहरू, हाम्रो प्रभु येशू अत्यन्तै अद्वितीय हुनुहुन्छ र कुनै पनि थोक र हरेक थोकमाथि उच्च हुनुहुन्छ। हामीले उहाँलाई हाम्रो साँचो मित्र र परमेश्वरको रूपमा विचार गर्छौं भने उहाँले हामीलाई यो अन्धकार संसारमा सही समयमा सही मार्गमा डोऱ्याउनुहुनेछ। तपाईंले उहाँलाई आफ्नो व्यक्तिगत जीवनमा तपाईंको प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्नुभएको छैन भने अहिले नै उहाँलाई ग्रहण गर्नुहोस् र उहाँको सेवा गर्न सुरु गर्नुहोस्। निश्चय नै उहाँले तपाईंलाई सुरक्षित मार्गमा डोऱ्याउनुहुनेछ। उहाँले मलाई हरेक दिन डोऱ्याउनुहुन्छ र उहाँले तपाईंलाई पनि डोऱ्याउनुहुनेछ भनेर म निश्चित छु।

**म मरुभूमिमा एउटा बाटो र रूखो जमिनमा खोलाहरू बनाउँदैछु** (यशैया ४३:१९)।

*************

पृष्ठ ६ बाट



*I am the Lord... I will give you and your descendants this land ...*

... **म तेरा परमेश्वर हुँ... म तँलाई र तेरा सन्तानलाई यो भूमि दिनेछु ...** (उत्पत्ति २८:१३) ।

तिनले रित्तो हात, डराएर र आफ्नो भविष्यको बारेमा अनिश्चित भएर छोडेका थिए ।

सबैभन्दा पहिले, लाबानको घरमा जीवन सजिलोजस्तो देखिएको थियो । तर समयसँगै त्यो जटिलतामा बद्लियो । लाबान र तिनका छोराहरूले डाह गर्न थाले र तिनीहरूका व्यवहार परिवर्तन भयो ।

... **याकूबले लाबानको परिवर्तन भएको व्यवहार देखे... पहिलेझैं तिनीप्रति अनुकूल भएको थिएन** (उत्पत्ति ३१:२५) ।

याकूबले कठिनाइ सामना गरेका भए पनि परमेश्वर तिनीसँग हुनुहुन्थ्यो ।

जब समय आयो, परमेश्वरले भन्नुभयो, फर्क । लाबानले याकूबलाई रित्तो हात पठाउने चाहना गरे पनि परमेश्वरले हस्तक्षेप गर्नुभयो ।

याकूबले गवाही दिए:

**मेरा बुबाका परमेश्वर, उहाँ मसँग नहुनुभए निश्चय नै अहिले तपाईंले मलाई रित्तै हात पठाउनुहुनेथियो...** (उत्पत्ति ३१:४२) ।

तर परमेश्वरले त्यो अनुमति दिनुभएन । उहाँले हरेक थोक पुनर्स्थापित गर्नुभयो र उहाँको प्रतिज्ञा पूरा गर्नुभयो ।

परमेश्वरले आफ्नो समयमा हरेक थोक सुन्दर बनाउनुहुन्छ ।

तपाईंले पर्खिरहनुभएको छ:

- ☐ पदोन्नतिको निम्ति
- ☐ प्रगतिको निम्ति
- ☐ जागृतिको निम्ति

परमेश्वरले तपाईंलाई सम्झाउँदै हुनुहुन्छ:

जब परमेश्वरले भन्नुहुन्छ, अब समय भयो, तब कसैले पनि तपाईंलाई रोक्न सक्दैन ।

निडर हुनुहोस् ।

बलियो बन्नुहोस् ।

सही समयमा परमेश्वरले अर्को ढोका खोल्नुहुनेछ ।

प्रिय मित्रहरू, मानिसहरूले हाम्रो विरुद्धमा षड्यन्त्र गर्न सक्छन् र शत्रुहरूले हाम्रो अघि पासो थाप्न सक्छन् - तर हामीलाई नष्ट गर्न परमेश्वरले कहिल्यै पनि तिनीहरूलाई अनुमति दिनुहुनेछैन । हामी उहाँको प्रतिज्ञाहरूमा बलियो गरी रहनुपर्छ:

**तिमीहरूका विरुद्धमा आउने शत्रुहरूलाई परमपभुले तिमीहरूकै सामु परास्त गर्नुहुनेछ..** (व्यवस्था २८:७) ।

हामीले जस्तोसुकै कुराको सामना गर्नुपरे पनि परमेश्वर हामीसँग खडा हुनुहुन्छ । उहाँको वचनले हामीलाई सम्झना दिलाउँछ:

**धार्मिक मानिसलाई धेरै विपत्ति आइलाग्छन्, तर परमप्रभुले त्यसलाई ती सबैबाट उद्धार दिनुहुन्छ** (भजनसंग्रह ३४:१९) ।

**त्यसले मेरो पुकारा गर्नेछ र म त्यसलाई उत्तर दिनेछु । त्यसका दुःखको घडीमा म त्यससँग हुनेछु, म त्यसलाई छुटकारा दिनेछु र आदर गर्नेछु** (भजनसंग्रह ९१:१५) ।

परमेश्वर टाढा हुनुहुन्न - उहाँ हामीसँग हुनुहुन्छ । उहाँले हामीलाई उहाँकहाँ नल्याएसम्म हरेक परीक्षामा उहाँ हामीसँगै हिँड्नुहुन्छ ।

उहाँले तपाईंलाई त्याग्नुहुनेछैन ।

उहाँले तपाईंलाई असफल बनाउनुहुनेछैन ।

उहाँले तपाईंको निम्ति तयार गर्नुभएको लक्ष्य केही कुराले पनि नष्ट गर्न उहाँले अनुमति दिनुहुनेछैन ।

उहाँको प्रतिज्ञामा रहनुहोस्:

... **अब्राम, तँ नडरा । तेरो ढाल म नै हुँ र तेरो इनाम अत्यन्त ठूलो हुनेछ** (उत्पत्ति १५:१) ।

(यहाँ तपाईंको नाउँ राख्नुहोस् - उहाँको प्रतिज्ञा व्यक्तिगत हुन्छ ।)

यो आशिषित महिना भएको होस् ।

******************

**सूचना**

तपाईंको मोबाइलमा हाम्रा नम्बरहरू (+91) 98410 71858, (+91) 98412 71858 (मुख्य नम्बर) सेभ गर्नुहोला ।

**सम्पादक**


# नहेम्याह बाइबल कलेज

**बोलावटको प्रतिध्वनि इन्स्टिट्यूसन** (आवासीय - हिन्दी र साँझ - तामिल भाषा)

**२६ औं दीक्षान्त समारोह** ४ जूलाइ, २०२६ शनिवार, साँझ ५ बजे



विशेष पाहुना:

**रेभ. डा. एस.जे. किंगस्ले**

(सीयोओ, जिजस कल्स्)

**at Skidmore Hall,**
**Balar Kalvi Nilayam Hall, M.R.C. Centre,**
**5/6, Ritherdon Road,**
**Vepery, Chennai - 600 007.**

- ❋ शैक्षिक सत्र २०२६-२०२७ को निम्ति भर्ना सुरु भएको छ
- ❋ कृपया योग्य विद्यार्थीहरूलाई सिफारिस गर्नुहोस्
- ❋ आवासीय पुरुष हिन्दी विद्यार्थीहरूका निम्ति छात्रवृत्ति उपलब्ध छ
- ❋ शैक्षिक सत्र २०२६-२०२७ का कक्षाहरू ०१.०६.२०२६ मा सुरु हुनेछ

प्रार्थना गरिदिनुहोस् र सहभागी हुनुहोस् ।

Posted at "Egmore RMS Patrika Channel" RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

## OUR QR CODE:

ECHO OF HIS CALL

Scan to pay with any UPI app

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**

*****

E.mail : sam@echoofhiscall.org

# ECHO OF HIS CALL

**Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.**

**Annual Subscription : Rs. 100/-** **Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.org

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

RNI NO. TNNEP/2000/2841
Postal Regn. No. TN/CH/(C)/194/24-26
WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26
Date of Publication: Third week of every month
Date of Posting : 15th & 16th of every month
Posted at "Egmore RMS Patrika Channel"
on 16th JUNE 2026.

If un-delivered please return to:

**ECHO OF HIS CALL (NEPALI)**
P.O. Box No. 2957,
Chepauk, Chennai - 600 005, INDIA.
Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766

## *JESUS LOVES YOU!*

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**